दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ३८ | बुटवल | २०८२ माघ १८ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday February 01, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## संसद पुनर्स्थापनाबारे छिटो टुंगो लाग्नुपर्छ : ओली



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी ओलीले फागुन २१ मा चुनाव हुन्छ कि हुन्न भन्ने अझैं टुंगो नभएको बताएका छन् ।

ओखलढुङ्गा एमालेको चुनावी भेलालाई सम्बोधन गर्दै उच्च पहाडी र हिमाली भेगमा मान्छे नै नभएको भन्दै भोट हाल्नको लागि हिमाल चढ्नजस्तै गरी कोही नजाने बताए ।

उनले भने-'हिमाली भेगमा मान्छे नै छैन । मान्छे नै नभएको ठाउँमा बाक्सा थापेर के हुन्छ ? ४ हजार मान्छे भएको ठाउँमा ४ जनाले भोट हालेर के हुन्छ ? चुनावमा नाटक मात्रै हुन्छ । उच्च पहाडी र हिमाली भेगमा भोट हुनेवाला नै छैन ।'

उनले भदौ २३ र २४ गते देशलाई भयानक सङ्कटमा पार्नको लागि उत्पात मच्चाइएको आरोप लगाए ।

असंवैधानिक सरकारले विघटन गरेको संसदबारे सर्वोच्च अदालत कानमा तेल हालेर बस्न नमिल्ने बताए । उनले संसद् पुनर्स्थापनाको मुद्दाबारे चाँडो फैसला गर्न माग गरे ।

उनले भने-'अदालतले तत्काल फैसला दिनुपर्छ, चुनाव गर्ने कि पुनर्स्थापना गर्ने, हामीले पुनर्स्थापनाको माग गरिरहेका छौं, त्यो सुन्दै नसुन्ने, संविधान मिचिएको छ भनिरहेका छौं, हामी । अदालतले बोल्नुपर्‍यो, संविधान मिचिएको छैन भने पनि मिच्न पाइन्छ भने पनि अदालतले भनेपछि हामी मान्छौं ।'

अदालतले जे फैसला गरे पनि आफूहरू स्वीकार्ने भन्दै चुनावअघि नै बोल्नुपर्ने बताउँदै उनले संवैधानिक सङ्कटमा देश फसेको बेलामा मौन बस्दा अदालतको औचित्यमाथि नै प्रश्न उठ्ने अवस्था बन्ने जनाए ।

## ओली, गगन, बालेन प्रधानमन्त्री बन्दैनन् : प्रचण्ड



बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्री बन्नेतिर आफ्नो ध्यान नभएको बताएका छन् ।

सोलु-काठमाडौं सम्पर्क मञ्चद्वारा आयोजित निर्वाचन विशेष कार्यक्रम तथा वृहत् भेलामा सहभागी हुन जाने क्रममा सञ्चारकर्मीहरूले प्रधानमन्त्री फेरि भएरै छोड्ने ? भन्दै प्रश्न गरेका थिए ।

जवाफमा प्रचण्डले भने-'त्यतातिर मेरो ध्यान छैन ।' प्रचण्डले पछिल्लो समय भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेकामध्येबाट कोही नबन्ने दाबी गर्दै आइरहेका छन् ।

नेकपा एमालेले अध्यक्ष केपी ओली, कांग्रेसले सभापति गगन थापा र रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएको छ ।

उनले सबै पार्टीलाई एक ठाउँमा नल्याएसम्म पार्टी एकता जारी रहने पनि बताए । उनले भने-'सबै पार्टी एकै ठाउँमा नआउँदासम्म हाम्रो पार्टी एकता जारी रहन्छ । विचार मिल्ने जति सबै पार्टीसँग हामी एकता गर्छौं। राष्ट्रलाई एक बनाएर छोड्छु ।'

## कांग्रेसका केन्द्रीय नेता निर्वाचन क्षेत्रमा परिचालन हुने

बुटवल । आगामी फागुन २१ गते हुने चुनावलाई लक्षित गर्दै नेपाली कांग्रेसले केन्द्रीय पदाधिकारी र सदस्यहरूलाई सबै जिल्ला र निर्वाचन क्षेत्रमा परिचालन गर्ने निर्णय गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता देवराज चालिसेले संगठनलाई निर्वाचनमा प्रभावकारी नतिजा ल्याउन केन्द्रीय तहका सबै पदाधिकारी र सदस्यहरूलाई जिल्ला-क्षेत्रस्तरमा खटाउने जानकारी दिए ।

प्रवक्ता चालिसेले जनताबाट अनुमोदन प्राप्त गर्ने राजनीतिक संस्था कहिल्यै पुरानो नहुने भन्दै व्यक्तिहरू मात्र समयसँगै पुराना हुने बताए । 'पार्टी पुरानो हुँदैन, विचार नयाँ दिने हो, नेतृत्व नयाँ दिने हो,' उनले भने-'विश्वभर नै पुराना पार्टीहरूमा नयाँ नेतृत्व उदाउँछन् र त्यही प्रक्रियाबाट भरोसायोग्य भविष्य निर्माण हुन्छ ।'

लोकतान्त्रिक अभ्यासमा नागरिकको मत निर्णायक हुने उल्लेख गर्दै उनले आगामी निर्वाचनले देशको भावी दिशा तय गर्ने बताए ।

'नागरिकले दिने मतले देशको भविष्य निर्धारण गर्छ,' चालिसेले भने-'कांग्रेस नै देशको भविष्य हो भन्ने विश्वासका साथ पार्टी चुनावी मैदानमा उत्रिएको छ ।'

# निजी क्षेत्रले दलहरूसँग खोज्यो १५ प्रतिबद्धता

**उद्योग तथा व्यवसायिक प्रतिष्ठानलाई विशेष सुरक्षा क्षेत्र घोषणा गर्ने, औद्योगिक सुरक्षाका लागि छुट्टै संयन्त्र स्थापना गर्ने र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा एकद्वार द्रुत सेवा दिने व्यवस्थामा दलहरूको प्रतिबद्धता हुनुपर्ने महासंघको माग छ ।**




**लुम्बिनी संवाददाता**

*बुटवल*

आगामी फागुन २१ को निर्वाचनका लागि राजनीतिक दलहरू चुनावी घोषणापत्रको तयारीमा जुटिरहेका बेला निजी क्षेत्रले सबैभन्दा पहिले लगानीको सुरक्षा, शान्ति र विश्वासको वातावरण सुनिश्चित गर्नुपर्ने प्रतिबद्धता मागेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै निजी क्षेत्रको संरक्षण, सुरक्षा र मनोबल पुनःस्थापना बिना लगानी, रोजगारी र आर्थिक पुनरूत्थान सम्भव नहुने उल्लेख गर्दै घोषणापत्रमै समेटिनुपर्ने १५ प्रमुख प्रतिबद्धता खोजेको हो ।

महासंघले पछिल्लो आन्दोलनपछि निजी उद्यम, व्यवसाय र आवासको सुरक्षाको विषय गम्भीर रूपमा उठेको जनाउँदै उद्योग, व्यावसायिक प्रतिष्ठान र लगानी क्षेत्रलाई विशेष महत्वको वा शान्ति क्षेत्र घोषणा गर्नुपर्ने प्रस्ताव अघि सारेको छ ।

महासंघले 'निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन योजना' प्रस्ताव गरेको छ । जेनजी आन्दोलनपछि निजी उद्यम, व्यवसाय र आवासको सुरक्षाको मुद्दा गम्भीर बनेको बताउँदै महासंघले सो योजना प्रस्ताव गरेको हो ।

पत्रकार सम्मेलनमा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले योजना अन्तर्गत उद्योग तथा व्यवसायिक प्रतिष्ठानलाई विशेष सुरक्षा क्षेत्र घोषणा गर्ने, औद्योगिक सुरक्षाका लागि छुट्टै संयन्त्र स्थापना गर्ने र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा एकद्वार द्रुत सेवा दिने व्यवस्था गर्नुपर्ने सुझाव दिए । आर्थिक तथा व्यवसायिक कसुरहरूको अनुसन्धान एकै निकायबाट हुने कानूनी व्यवस्था पनि आवश्यक रहेकोमा उनले जोड दिए ।

निजी क्षेत्र बिना मुलुकको आर्थिक स्थायित्व, सुशासन र दीर्घकालीन समृद्धि सम्भव नहुने भन्दै अध्यक्ष ढकालले आगामी निर्वाचनमा राजनीतिक दलहरूलाई आफ्नो घोषणापत्रमा निजी क्षेत्रका मुद्दालाई प्राथमिकता दिन आग्रह गरे ।

नेपालको अर्थतन्त्रमा करिब ८१ प्रतिशत योगदान दिइरहेको र ८६ प्रतिशत रोजगारी सिर्जना गरिरहेको निजी क्षेत्रलाई उपेक्षा गर्दा समग्र आर्थिक पुनरूत्थान चुनौतीपूर्ण बन्दै गएको बताउँदै उनले निजी क्षेत्रलाई रोजगारदाता, सेवा प्रदायक, पूर्वाधार निर्माणकर्ता, राजस्व योगदानकर्ता र सम्पती निर्माणकर्ताको रूपमा सम्मान गरी मनोबल उच्च राख्नुपर्नेमा जोड दिए ।

पछिल्ला आन्दोलनहरूले निजी क्षेत्रलाई गम्भीर प्रभावित पारेको उल्लेख गर्दै अध्यक्ष ढकालले विशेष गरी भदौ २३ र २४ गतेको आन्दोलनबाट करिब ३६ अर्ब रुपैयाँको प्रत्यक्ष भौतिक क्षति भएको र कुल नोक्सानी झन्डै ८० अर्ब रुपैयाँ पुगेको जानकारी दिए ।

यस्ता घटनाले निजी क्षेत्रको मनोबल ऐतिहासिक रूपमा सबैभन्दा न्यून स्तरमा पुऱ्याएको उनको भनाइ छ । पुँजी पलायनको जोखिम बढेको र बैंकहरूमा पर्याप्त रकम भए पनि उद्यमीहरू ऋण लिएर लगानी गर्न तयार नभएको ढकालले बताए । 'यदि यो अवस्था निरन्तर रह्यो भने रोजगारी र राजस्व संकुचित हुँदै मुलुक असफलतातर्फ उन्मुख हुनेछ ।'-उनले भने ।

महासंघले राजनीतिक दलहरूलाई संविधान प्रदत्त सम्पत्तिको हकको सम्मान, निर्बाध पेशा-व्यवसाय सञ्चालनको सुनिश्चितता र नीतिगत स्थायित्व कायम गर्ने प्रतिबद्धता घोषणापत्रमा समेट्न आग्रह समेत गरेको छ ।

समाजवाद उन्मुख अर्थतन्त्र र तीन खम्बे नीतिले पनि निजी क्षेत्रलाई पूर्ण उत्साहित बनाउन नसकेको बताउँदै अध्यक्ष ढकालले यसका लागि निजी-सार्वजनिक साझेदारीमा आधारित नवप्रवर्तनमुखी, उद्यमशील र समावेशी आर्थिक नीति आवश्यक रहेको बताए ।

कृषि र पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिँदै 'प्रांगारिक पहाड' कार्यक्रम घोषणा गरी प्रांगारिक नगदे बाली प्रवर्द्धन, किसान परिचयपत्र चाँडो जारी गर्न माग गरे । अनुदान डिजिटल प्रविधिमार्फत् वास्तविक किसानसम्म पुऱ्याउने र 'खेतदेखि खाडीसम्म' कार्यक्रम सञ्चालन गरी नेपाली उत्पादन खाडी मुलुकमा निकासी सहज बनाउने सुझाव दिए ।

पर्यटनलाई उद्योग सरह मान्यता दिए पनि नीति कार्यान्वयन नभएको गुनासो गर्दै हिलस्टेसनमा होटल, रिसोर्ट, थिमपार्क, केबलकार आदिलाई पूर्वाधार र आयकर छुट दिने,पर्यटन प्रवर्द्धन गर्ने र स्थलमार्ग पर्यटकलाई सहज बनाउने व्यवस्था गर्नुपर्ने महासंघको माग छ ।

लगानीमैत्री वातावरण सिर्जना गर्न 'लगानी प्रवर्द्धन दशक' घोषणा गरी नीतिगत स्थायित्वको प्रत्याभूति दिने, एकीकृत लगानी संहिता तयार पार्ने र लगानी बोर्ड तथा उद्योग विभागलाई एकीकृत गरी निजी क्षेत्रको सहभागितामा शक्तिशाली लगानी प्रवर्द्धन एवं संरक्षण बोर्ड स्थापना गर्ने प्रस्ताव पनि छ ।

साथै जलविद्युत् आयोजनालाई आयकर छुटको समयसीमा २०९२ सम्म विस्तार गर्ने, जलाशययुक्त आयोजनामा थप सुविधा दिने र ह्वीलिङ चार्ज कार्यान्वयन गर्ने माग अघि सारिएको छ ।

निजगढ काठमाडौं फास्ट ट्र्याकपछि अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई उच्च प्राथमिकता दिने, भैरहवाको गौतमबुद्ध र पोखरा विमानस्थलको सहज सञ्चालनका लागि उपयुक्त मोडालिटी तय गर्न पनि सुझाव दिइएको छ ।

सूचना प्रविधि क्षेत्रमा राष्ट्रिय स्टार्टअप उद्यम नीति कार्यान्वयन, १० वर्ष पूर्ण कर छुट र थप ५ वर्ष ५० प्रतिशत छुट, 'सय स्टार्टअप, सय लगानीकर्ता' कार्यक्रम र आईटी मल स्थापना जस्ता कदम चाल्नुपर्ने सुझाव महासंघले दिएको छ ।

यसैगरी कर प्रणालीलाई सरल, स्थिर र प्रतिस्पर्धी बनाउन बहुदर मूअक प्रणाली कार्यान्वयन, उत्पादनमूलक उद्योगमा क्रमशः कर घटाउने, पुर्नलगानीमा ७५ प्रतिशतसम्म छुट दिने र एकीकृत गैरकर छाता ऐन ल्याउने प्रस्ताव पनि महासंघले राखेको छ ।

दाङ-२

## मुख्यमन्त्री हुँदाका काम देखाएर मत माग्दै पोखरेल



दाङ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा दाङ क्षेत्र नम्बर २ मा उम्मेदवार बनेका नेकपा (एमाले) महासचिव शङ्कर पोखरेल यतबेला मतदातासँगको भेटघाटमा व्यस्त छन् ।

उनी दाङका मतदासँग खुला बहसलाई चुनावी अभियानको मुख्य आधार बनाउँदै जनताको घर-घर पुगिरहेका छन् ।

घोराही उप-महानगरपालिका-६ र १७ का विभिन्न टोलमा शनिबार आयोजित भेटघाटमा उनले आफ्नो राजनीतिक यात्राभन्दा पनि आफू लुम्बिनी प्रदेशको मुख्यमन्त्री हुँदा तयार पारेका विकासका काम र त्यसको कार्यान्वयनलाई केन्द्रमा राखेर मतदातासँग मत मागिरहेका छन् ।

पोखरेलले आफू मुख्यमन्त्री हुँदा दाङको दीर्घकालीन विकासका लागि स्पष्ट खाका तयार पारेको दाबी गर्दै त्यसैको निरन्तरताका लागि निर्वाचनमा होमिएको बताए ।

'विकास योजना कागजमा मात्रै सीमित होइन, त्यसलाई पूरा गर्न सक्षम र जिम्मेवार नेतृत्व चाहिन्छ,' उनले भने-'योग्य नेतृत्व छान्ने जिम्मेवारी मतदाताकै हातमा छ ।'

आफू 'कुराभन्दा काम गर्ने' नेतृत्वका रूपमा परिचित भइसकेको दाबी गर्दै अधुरा योजनाहरू पूरा गर्न पुनः जनमतको आवश्यकता रहेको उनले बताए । स्थानीय विकासका उदाहरण प्रस्तुत गर्दै नले सडक, पूर्वाधार, खानेपानी र सिँचाइ जस्ता आधारभूत विषयमा आफ्नो प्राथमिकता रहेको उनले स्पष्ट पारे ।

घोराही-१७ पचुर्काका उज्ज्वल टोल र पचुर्का टोलका स्थानीयवासीले घरआँगनसम्म कालोपत्रे सडक पुगिसकेको प्रसङ्ग उठाउँदै अब सामुदायिक भवन, खानेपानी र सिँचाइको समस्या समाधानमा ध्यान दिन आग्रह गरेका थिए । स्थानीयले विगतमा सुरु भएका योजनाहरू अलपत्र परेको गुनासो पनि पोखरेलसँग गरेका छन् ।

पोखरेलले मुख्यमन्त्रीको हैसियतमा आफूले रणनीतिक सडकका रूपमा अघि बढाएको दामोदर मार्गलाई सम्पन्न गर्ने प्रतिबद्धता जनाए । 'रणनीतिक महत्व बुझेर निर्माण सुरु गरिएको दामोदर मार्गलाई पछिल्लो सरकारले बजेटविहीन बनाएर अलपत्र पारेको कुरा यहाँका नागरिक जानकार नै हुनुहुन्छ,' उनले भने-'अब त्यो सडक निर्माणको जिम्मा म स्वयं लिन्छु ।'

मतदातासँगको संवादमा उनले विकासलाई दलगत नाराभन्दा माथि राखेर हेर्नुपर्नेमा पनि जोड दिएका छन् । 'दाङको समृद्धि साझा एजेण्डा हो । यसका लागि योजनाको निरन्तरता, स्पष्ट दृष्टिकोण र कार्यान्वयन क्षमता आवश्यक छ ।'- पोखरेलले भने ।




# सम्पादकीय

## रवि–जीबीलाई उन्मुक्ति दिँदाको जोखिम

वित्तीय कारोबारको निगरानी गर्ने अन्तर्राष्ट्रिय मञ्च ‘फाइनान्सियल एक्सन टास्क फोर्स’ (एफएटीएफ) को ‘ग्रे-लिस्ट’ बाट बाहिरिन दिएको दुई वर्षमध्ये एक वर्ष सकिएको छ । आगामी एक वर्षभित्र तीव्र गतिमा सुधारका काम गरेर बाहिर निस्कुनपर्ने चुनौतीपूर्ण काममा लाग्नुको साटो सरकार आफ्नै गतिमा बेलगाम घोडा झैं अघि बढेको छ । चुनावी सरकारका गैरजिम्मेवार क्रियाकलापको मार मुलुकले व्यहोर्नुपर्ने जोखिम छ ।

रवि लामिछानेलाई उन्मुक्ति दिन जीबी राई समेत दजनौंको संगठित अपराध र सम्पत्ति शुद्धिकरणको मुद्दा फिर्ता लिने सुशीला कार्की सरकारको निर्णय गैरजिम्मेवार मात्रै होइन, यो मुलुकप्रति गरेको बेइमानी हो । त्यसो त यो सरकारलाई सुरुदेखि नै आलोचकहरूले राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार भन्दै आलोचना गर्दै आएका छन् । घोषित रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार नभए पनि मन्त्रिपरिषद्मा सहभागी पात्रहरू धमाधम राजीनामा दिएर रास्वपाबाट चुनाव लड्न मैदानमा उत्रेका छन् । सरकारले रविलाई उन्मुक्ति दिन अरूलाई पनि माफी दिने निर्णय गर्छ । रविलाई उन्मुक्ति दिन २१ अर्ब रुपैयाँको सम्पत्ति शुद्धिकरणको मुद्दालाई आँखा चिम्लिदा मुलुकमाथि के संकट आइपर्छ भन्ने हेक्का पटक्कै भएन् ।

गत वर्ष नेपाल ‘ग्रे-लिस्ट’ मा परेसँगै त्यसबाट बाहिरिन एफएटीएफले दिएको कार्ययोजनाअनुसार काम गर्नुको साटो उल्टो बाटो हिंड्दा मुलुकलाई पर्ने हेक्का नहुने सरकारले सुशासनको चर्को कुरा गरेर नागरिकलाई उल्लु बनाउने काम गरेको छ । सुशासनको सवालमा अन्तर्राष्ट्रिय समुदायले नेपालमाथि कुनै दबाब दिएर वा बाध्य पारेर मात्रै गर्नुको साटो नियमित प्रक्रियाका रूपमा गर्नु अनिवार्य छ । यी सुधार अरूलाई देखाउनका लागि नभई नागरिकप्रतिको जवाफदेहीका लागि हो भन्ने बुझ्नुपर्छ । पछिल्लो एक वर्षमा केही सुधार भएको र अबको एक वर्षभित्र बाँकी सबै सुधारका काम पूरा गर्नुपर्ने आवश्यकता अर्थमन्त्री रामेश्वर खनालले बताएका छन् ।

तर समग्र सुधारको विषय आउँदा रवि लामिछाने, जीबी राईसहितको सम्पत्ति शुद्धिकरणको मुद्दा किन फिर्ता लिइयो ? यो प्रश्नबाट अर्थमन्त्री बाहिर निस्कन पाउँदैनन् । त्यसो त महान्याधिवक्ता कार्यालयले रविरहितको सम्पत्ति शुद्धिकरणसम्बन्धी मुद्दा फिर्ताको निर्णय कार्यान्वयन गर्न अदालत हच्किएको छ । अदालत यो अडानमा कायमै रहे मुलुकको बचेखुचेको प्रतिष्ठा जोखिएला । मुद्दाको किनारा अदालतले लगाउने हो । अदालती प्रक्रियाको सामना गर्नै नपर्ने अवस्थाको श्रृजना गरेर मुलुकलाई अँध्यारो सुरूङतिरको यात्रामा हिंड्ने हकर्त बन्द गर्न जरूरी छ ।

# ‘सुन्दरताको’ भौतिक र दार्शनिक अवधारणा !



एच.के. श्रेष्ठ



सबैलाई सुन्दर बन्ने रहर जाग्छ । सबैले आफूलाई , आफ्नो मान्छे, आफ्नो स्वामित्वको भौतिक अभौतिक चिजहरु, सामानहरु आदि सुन्दर नै लाग्छ । त्यसो भए के होत सुन्दर, के होत कुरुप ? बडा जटिल छ बुझ्न । सौन्दर्यशास्त्रको गर्भबाट आएको ‘सुन्दरता’ अप्रत्यक्ष रुपमा देवी देवताको उत्पतिदेखि नै अनुशरणको तत्व बनेको थियो । मानव समाजको उत्पत्ति र विकाससँगसँगै सुन्दरताको अनुभूतिहरु तीव्र रुपमा घनिभूत हुन थाल्यो । सुन्दरताले सौन्दर्य विज्ञानसँग जोडिएको तात्विक विषय भएता पनि यो रहस्यात्मक छ । यसको बुझाइ क्षेत्र कनोटेटिभ र श्रृंखलाबद्धको छ । मानव युगको अगावै देवदेवताको युगमा नै सुन्दरताले महत्व बोकेको भेटिन्छ । हाम्रो हिन्दु धार्मिक कथामा जस्तै ग्रिक पौराणिक कथामा पनि सुन्दरताको देवी ‘भेनस’ र परी ‘हेलेन’ र साइकेलाई मान्दै आएको तत्यले पनि सुन्दरताले प्राथमिकता पाएको अनुभूति हुन्छ ।

सुन्दारतालाई बहुआयामिक कोण र दृष्टान्तबाट लिनु पर्ने र बुझ्नु पर्ने हुन्छ । यसलाई बुट्ने प्रस्पेकिटभहरु साधारण र दार्शनिक ढङ्गले हुनसक्छ । बाह्य र आन्तरिक हुनसक्छ र वास्तविक र आर्टिफिसल हुनसक्छ । कस्मेटिक र प्राकृतिक हुन सक्छ । वैयत्तिक र वश्विव्यापी हुनसक्छ । मानवीय र प्रकृतिक हुनसक्छ । भौतिक र मानसिक अर्थात् शारीरिक बौद्धिक हुन सक्छ । अझ सुन्दरताको कडी ‘रुप’ र ‘सार’ हुन सक्छ । त्यस्तै सुन्दरता ठाउँ, समय परिस्थिति जन्य हुन सक्छ ।

आजको युग विशेषप गरी आधुनिक युगको सुरुवात यतासुन्दरताको क्षेत्र अति नै फराकिलो हुँदै आएको छ । सामान्य अर्थमा हरेक व्यक्ति चाहे सग्लो वा लाटो गाँडो जस्तो सुकैलाई पनि बाह्य सुन्दरताको मोह छ । मान्छेहरु नुहाउने, कपाल कोर्ने, तेल लगाउने, चुरा पोते तथा विभिन्न थरिका कस्मेटिक तत्वहरु प्रयोग गर्ने, पाउडर दल्ने, कपाल परंगाउने, लत्ता कपडा फेर्ने, चस्माको पारखी बन्ने, स्टाइल स्टाइलले हिंड्ने, प शरीर हल्लाउने, बोलि बिगारेर बोल्ने, गीत गुनगुनाउने आदि आदि गतिविधि गर्छन्, सबैले । अझ आजकलत सुन्दरताको कैयौँ अनौपचारिक प्रतियोगिता हुन्छन्, जहाँ मनोवैज्ञानिक विजयको निम्ति पहल भइरहन्छ भने औपचारिक रुपमा पनि संस्थागत रुपमा नै ‘मिस नेपाल’ ‘मिस वर्ल्डस ‘मिस ट्र्यालेन्ट’ जस्ता ब्युटी कन्टेस्ट नै हुने गरेको छ । यद्यपि सुन्दरताको मापन सुन्दरता मापन गर्ने विषय नै होइन र मापन गर्न नै सकिन्न र पनि यो मापन गर्ने प्रयास भएको देखिन्छ । सुन्दरता निम्ति मान्छेले ठुलो धन राशी पनि खर्च गर्न तैयार देखिन्छ । तर यि सब बाह्य तथा भौतिक वा शारीरिक सुन्दरताको क्षेत्रमा पर्दछ । यस्तो खाले सुन्दरताको सुजबुझले बाह्य आँखा वा भौतिक आँखाको माग गर्दछ । तर सुन्दरता यति मात्र होइन जसको आयमहरु धेरै छ । जुन माथि चर्चा गरे झैं सुन्दरता आँखा आँखामा फरक वस्तु हो । दार्शनिक दृष्टान्त अर्कै छ, सुन्दरतालाई बुट्ने । दार्शनिक हिसाबले घोल्लिंदा हरेक वस्तु, हरेक चीज( सामान, रंग, तत्व, कपडा, मान्छे वा जे जति पनि छ यो संसारमा सबै सुन्दर छ पनि सुन्दर छैन पनि अथवा यसो भन्न सक्छ, सुन्दर छ वा राम्ररो छ भने सबै छ नभए केही पनि छैन र कोही पनि छैन । हामीले के बुझ्न जरुरी छ भने यदि एउटै मात्र अर्थात केहि निश्चित मात्र वस्तु, रंग, चीज, मान्छे वा त्यस्तै अरु सुन्दरताको लेवलमा पर्ने हो भनेत यो विश्व ब्रम्हाण्ड नै चल्दैन । सबैले त्यही सुन्दर वस्तुलाई मात्र रोज्ने र खोज्ने र परिस्थित आउँथ्यो । सबैले सुन्दरताको दायराभित्रको मान्छेलाई मात्र पछ्याउँथ्यो । जसले गर्दा समाज सञ्चालनमा, इको सिस्टमा र सिंगो कृत्रिम तथा प्रकृतिक वातावरणमा नै असर पर्दथ्यो । समास्या खडा हुन्थ्यो । तर्सथ आ-आफ्नो ठाउँमा सबैमा सुन्दर छ भनेर बुझ्नु पर्ने हुन्छ । यसैले विश्वमा विद्यमान हरेक वस्तु र मान्छेको सह-अस्थित्व छ । सबैको प्रयोग भएको छ । सबैको मूल्य मान्यता छ र समाज सञ्चालन भएको छ, सुन्दरताको मूल्य नजर र दृष्टिकोण, आवश्यकता, ठाउँ, समय र परिस्थितमा भर पर्ने हुनाले सबै वस्तु र मान्छे सन्तुलनमा छ । उदाहरण लिउँ अँध्यारोमा गर्ने कार्यहरु मस्त निदाउन, यौन सन्तुष्टी लिन, फिल्म हेर्ने, चोर्ने, डकैडी गर्न इत्यादिको लागि अँध्यारो नै सुन्दर हुन्छ भने कतिमय उज्यालोमा गर्नु पर्ने कार्यको लागि उज्यालो सुन्दर । त्यस्तै कुनै बेला राजका शालिक र स्मारकहरु सुन्दर दरबारहरु सुन्दर भने आज २१औं शताब्दीमा शहीदहरुको शालिक स्मारकहरु सुन्दर । जाडोमा ताप, राप र घाम सुन्दर भर्ने गर्मीमा चिसो वातावरण अर्थात् चिसो हावा सुन्दर, विद्यार्थीको लागि प्रभावकारी पढाइ सुन्दर; कर्मचारीको लागि सन्तोषजनक तलव सहितको जागिर सुन्दर । व्यापारिक लागि अधिकतम मुनाफा सुन्दर, हाकिमहरुको लागि प्रमोसन । अतिथिहरुको लागि आसनग्रहण सुन्दर, नेताहरुको लागि भाषण सुन्दर । नोकरहरुलाई माया दिने र आरम दिने मालिकहरु सुन्दर त मालिक वर्गलाई अहोरात्र काममा दलिने नोकर चाकर सुन्दर । अगाएकाहरुलाई भोज सुन्दरत भोकाहरुलाई पेट भर्ने खाना सुन्दर घरवारविहीन सडक छापहरुलाई बास ओत लाग्ने झुप्रो सुन्दर त पुँजीपतिहरुलाई महल र बंगाला सुन्दर ।

त्यस्तै तिर्थ यात्रीहरुलाई धार्मिक स्थल सुन्दर, पुजारीहरुलाई भेटी सुन्दर, ड्रग एडिकहरुलाई ड्रग सुन्दर, किसानहरुलाई सिँचाइ सुन्दर, उद्योग पतिहरुलाई उत्पादनको अत्यधिक खपत, दलहरुलाई सत्ता सुन्दर, मजदूरलाई भत्ता, सकुम्बासीलाई भूमि, सरकारलाई मन्त्रीको कुर्सी, सुन्दर प्रमीकालाई प्रेमी तथा प्रेमीलाई प्रेमीका, यौन दुराचारीलाई करणी सुन्दर, दार्शनिकलाई दर्शन त साहित्यकारलाई पाठक, धर्मभक्तहरुलाई धर्म सुन्दर हुन्छ भने समालोचकहरुलाई समीक्षा इत्यादि । यस ढंगले सुन्दर अन्तरनिहित महत्वमा रहेको हुन्छ । यसो पनि हो एक जनालाई सुन्दर लागेको वस्तु वा मान्छे अर्को ठाउँमा र अर्को मान्छेलाई सुन्दर नलाग्न सक्छ । सुन्दरता अभाव र आवश्यतामा पनि भर पर्छ । तर्सथ यो व्यक्ति र युनिभर्सल महत्वको हुन्छ । यसो पनि हो उक्त ठाउँमा सुन्दर भएको र एक जनालाई सुन्दर लागेको वस्तु वा मान्छे अर्को ठाउँमा र अर्को मान्छेलाई सुन्दर नलाग्न सक्छ । सुन्दरता अभाव र आवश्यकतामा पनि भर पर्छ । यसर्थ यो व्यक्ति र युनिर्भल महत्वको हुन्छ । राजनैतिक भाषामा र दृष्टान्तमा पनि ‘सुन्दरता फरक पक्ष हो । मार्क्सवादी र बर्जुव सुन्दरताको दुई क्याटागोरीमा हेर्न सकिन्छ । मार्क्सवादी ‘सुन्दरता’ को मान्यता अनुरुप ‘सार’ (इसेन्स्) पक्ष र बुर्जुवा ‘सुन्दरता’ मा ‘रुप’ (फर्म) पक्षको स्थान हुन्छ । मार्क्सवादीले जनताभित्र वा समानभित्र अन्तरनिहित वास्तविक पीडा, दर्द, मर्म र वेदनाको विषय वस्तुको प्रस्तुतिमा सुन्दरता भेटिन्छ भने बुर्जुवा दृष्टान्तमा बाह्य रुप रंग रोगन् तडक, भडक, श्रृंगार पटार पर्दछ । बर्जुवा सुन्दरता कृत्रिम तथा आटिफिसल सुन्दरताअन्तरगत पर्दछ । शारीरिक सुन्दरता बाह्य हो । भने अर्को ‘सुन्दरता’ बौद्धिक सुन्दरता हो । यसलाई अंग्रेजीमा इन्टलेक्चुयल बयटी (Intellectual Beauty) भनिन्छ । इनलेक्चुयल ब्युटीभित्री सुन्दरता हो । कुनै पनि मान्छे पूर्ण सुन्दर हुनको लागि शारीरिक र बौद्धिक दुवै सुन्दरताको आवश्यकता पर्छ । यदि जो कसैमा एउटा पक्षको मात्र अभाव छ भने त्यो पूर्ण सुन्दर होइन । यदि मान्छेमा बौद्धिक दुवै सुन्दरताको अभाव भयो भने त्यसले आफैंमा ठूलो ध्वंस निम्त्याउँछ । ग्रिक पौराणिक मान्यताअनुसार ‘हेलेन’ विश्व सुन्दरी परी हुन् । उनमा शारीरिक सुन्दरताले विश्व जितेको थियो, ता पनि बौद्धिक सुन्दरताको अभावले दश वर्षसम्म ट्रोजन युद्ध भयो, उनी ट्रोयको राजकुमार पेरिससँग पोइल जानाले । जहाँ उनैको कारण भयंकर धनजनको क्षति भयो । इन्टलेक्चुयल सुन्दरताको जिज्ञाषालाई अझ खोतल्दा बौद्धिक सुन्दरता त्यास्तो हो जसले उच्चतम विवेक र मानसिक फ्याकल्टीको अधिकतम अभ्यासपश्चात् सही र गलत, असल र खराब, न्यायिक र अन्याकि, सत्य र असत्य यर्थात्को सही पहिचान गरी सृजनात्मक ढंगले जीवन निर्देश गर्दछ । यस्तो सुन्दरता समाजको सुन्दर सम्पत्ति हुन्छ, सुसंस्कृतिक आन्दोलन हुन्छ र सभ्यास बन्दछ । यस सिलसिलामा प्राचीनकालीन ग्रिसमा जन्मेका एक बहुप्रतिभाशाली, सागर दार्शनिक शुक्रातलाई उदाहरणीय रुपले लिन सक्दछौ । उनी शारीरिक रुपमा नमिलेको शरीर, उछिट्टिएको भुँडी, पुड्के, थेप्चो नाक भएको कुरुप व्यक्ति थिए । तर बुद्धि विवेक र प्रतिभाको मामिलामा विश्व सुन्दर नै थिए । आज संसारले उनैको वौद्धिक योगदानलाई ससम्मान लिइ रहेको छन । यस्तै अन्य थुप्रै व्यक्तिहरु छन् । शारीरिक रुपमा कुरुप र बौद्धिक रुपमा अत्यन्त सुन्दर बेलायति लेखन तथा विश्व साहित्यकार जोन किट्स रुषी रास्पुटिन, लियो टोल्स्टोय, अमेरिकी अन्धी, बाहिरी र लाटी हेलेनकेलर रुषी साहित्यकार म्याक्सिम गोर्की मदर टेरेसा जर्मेकाको बब मार्ले, ग्रिक दार्शनिक प्लेटो क्युवाका चेग्वेभारा आदि जस्ता महान बौद्धिक प्रतिभाहरुले बौद्धिक योगदानले विश्वमा बौद्धिक सुन्दरताको आयाम थपेका थिए । para change यि विविध दृष्टान्तहरुको वाबजुद ‘सुन्दरता’ ‘इस्थेटिक मोभ्मेन्टको रुपमा १९औं शताब्दीमा युरोमा चलेको थियो । ग्रिक पदावाली ‘aesthete’बाट आएको शब्दपछि इस्थेटिसिजम्को रुपमा चल्यो । सुन्दरता र स्वादको सिद्धान्तलाई अंगाल्दै अगाडि बढ्यो । खासगरी यस्तो आन्दोलन कला, म्यूजिक र साहित्य सुन्दरतर्फ समर्पित थियो । मुख्य हेडक्वार्टर फ्रान्स भएको यो आन्दोलन ‘कला’ कलाको लागि भन्ने अवधारणातर्फ उदत थियो । जर्मन दार्शनिक कान्ट, बेलायती एड्गर अलन पो, वोडेलियर, फ्लोवर्ट, मलार्मे, वाल्टर पेटरहरुको नाम यस आन्दोलनमा अगाडि आउँछ ।

जे होस् सौन्दर्य शास्त्र र सौन्दर्यतालाई दार्शनिक रुपमा बुझ्दा हरेक, हरेक वस्तु र मान्छेमा निहित हुन्छ । यो अब्सोलुट नभएर रिलेटिभ सापेक्षित हुन्छ । सुन्दरता हेराइमा भर पर्ने तथा समय, स्थान रर परिस्थिति केन्द्रित हुन्छ । कुनै पनि चीज सुन्दर छैन कुनै पनि चीज कुरुप छैन । आवश्यक्ताले पनि सुन्दरताको निधो गर्दछ । शारीरिक र बौद्धिक सुन्दरता नै पूर्ण मानिन्छ । सुन्दरतालाई ‘रुप’ र ‘सार’ मा हेर्न सकिन्छ । यो दृष्टिकोण जन्य उपज हो र एक आत्मारति वा आत्मा सन्तुष्टी मात्र हो । सुन्दरता एकजना आनी कलाकारको गीत जस्तो ‘फूलको आँखामा फुलै संसार काँडाको आँखामा काँडै संसार’ !

# बालबालिकामा पनि हुनसक्छ ‘ग्यास्ट्रिक’



सामान्यता ठूला मानिसलाई हुने ‘ग्यास्ट्रिक’ बालबालिका पनि हुने गर्दछ । बालबालिकालाई ‘एच प्योलोरी’ भन्ने किटाणुको सङ्क्रमणको कारणले ‘ग्यास्ट्रिक’ हुन्छ । यो कीटाणुको सङ्क्रमण बच्चादेखि नै हुन्छ । जब बच्चा चिल्लोपिरो, जङ्कफुड खाने गर्दछन् तव ‘ग्यास्ट्रिक’ हुन्छ ।

यस्तै ‘पेनकिलर’ले पनि बच्चालाई ‘ग्यास्ट्रिक’ बनाउने गरेको कान्ति बाल अस्पतालका बच्चाको पेटसम्बन्धी चिकित्सक डा सुमित अग्रवालले जानकारी दिए । बयस्क मानिसलाई ‘ग्यास्ट्रिक’ले पेट दुख्ने, खाना नरुच्ने, मुखमा अमिलो आउने गर्दछ ।

बालबालिकालाई भने पनि मुखबाट अमिलो पानी आउने, बिहान र साँझ पेट दुख्ने, कसैलाई खाना खाएपछि धेरै पेट दुख्ने, कसैलाई खाना खाएपछि कम हुने, लगातार बान्ता आउने, पेट फुल्नेजस्ता समस्या देखा पर्दछन् । यसपछि बच्चाको आहार घट्दै जान्छ र उपचार ढिला हुँदा विस्तारै तौल घट्दै जान्छ ।

समयमा उपचार नगरे ग्यास्ट्रिकले पेटको दुखाइको मात्रा बढेपछि मुखबाट रगतसमेत आउन सक्ने, पेटको सानो आन्द्राको प्वाल खुम्च्याउने, सानो आन्द्राको पहिलो भागमा अल्सरजस्ता समस्या देखापर्ने उनले बताए । उनका अनुसार कान्ति अस्पतालमा दिनमा दुइ-तीन ‘ग्यास्ट्रिक’ भएका बालबालिका आउने गर्दछन् । यस्तै रगत नै बान्ता गर्ने बिरामी हप्तामा एक/दुई जना अस्पताल आउने गरेका छन् ।

चिकित्सक डा. अग्रवालले हप्तामा तीनदेखि पाँचको इन्डोस्कोपी गरेपछि ७५ प्रतिशतमा बालबालिकामा ‘एच प्योलोरी’ किटाणुको सङ्क्रमण हुने गरेको बताए । शरीरमा चाहिनेभन्दा बढी मात्रामा एसिड उत्पादन हुनुलाई सामान्यतया ग्यास्ट्रिक भनिन्छ ।

उनका अनुसार सामान्यता १८ महिनादेखि १४ वर्ष मुनिका बालबालिकामा ‘एच प्योलोरी’ किटाणुको सङ्क्रमण हुने र ‘ग्यास्ट्रिक’ देखिने गर्दछ । एच प्योलोरी भन्ने किटाणुका कीटाणु सानै उमेरदेखि शरीरमा भए पनि सातरआठ वर्ष नाघेपछि मात्रै यसको लक्षण देखा पर्छ । डा.अग्रवालले ‘एच प्योलोरी’ जिवाणु औषधि दुई हप्ता खाएपछि निको हुने बताए ।

# सुशासन कायम गर्ने रास्वपाको सकल्प: अर्याल




परासी । राष्ट्रिय स्वतन्त्र पार्टीका उप-सभापति डोलप्रसाद अर्यालले सुशासन भ्रष्टचार निवारण गर्ने लक्ष्यतर्फ लागिपरेको बताएका छन् । उनले शिक्षा, स्वास्थ्य, खानेपानीलगायत देशको विकास गर्नमा रास्वपा लागिपरेको जनाए । पश्चिम नवलपरासीको निर्वाचन क्षेत्र नं.२को सम्पर्क कार्यालय र पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अर्यालले जनता र देशले परिवर्तनको चाहेको र सुशासन कायम गर्ने रास्वापाको सकल्प रहेको बताए । 'जेनजी आन्दोलनले देखाएको र चाहेको देशमा सुशासन र देशको परिवर्तन नै मुल बाटो रास्वापको हो ।'-उनले भने ।

बालेन शाह र रविले मात्र देशमा सुशासन कायम गर्न नसक्ने भएकोले यसबाट रास्वापालाई बहुमत दिन मतदातालाई उनले अग्रह गरे ।

दुई वर्षमात्र दिनु, हामीलाई चार वर्ष चाहिन्न दुई वर्ष दिएर मात्रै हेनुस्, देश परिवर्तन गर्न, विकास र भ्रष्टचार निवारण गर्ने उनले बताए । सरकारी कार्यालयमा सेवा प्रवाह ढिलासुस्ती र कर्मचारी सुधारतर्फ लाग्नुपर्ने रास्वपा लागेको अर्यालको भनाइ थियो ।

नवलपरासीको निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्य नरेन्द्रकुमार गुप्ताले फागुन २१ गतेपछि बन्ने सरकार लोकतान्त्रिक सरकार बन्ने बताए ।

उनले अपेक्षा गरेको भन्दा बढी अधिकारको सुनिश्चितता हुने बताए । भ्रष्टचार शून्य सहनशीलता पुऱ्याउने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा सुविधा र विकास निर्माण काम गर्ने जनाए ।

नवलपरासीको निर्वाचन क्षेत्र नं. १ को प्रतिनिधिसभा सदस्य बिक्रम खनालले पुराना दलहरू भ्रष्टचारमा लिप्त भएकोले र सुशासन कायम गर्न नसकेको भन्दै नयाँ दल रोजेको बताए ।

नेताहरु सत्तामा लिप्त भएको कारणले भदौ २३ र २४ जेनजी आन्दोलनले नयाँ परिवर्तन खोजेको कारण हामी पनि नयाँ दलमा समाहित भई राष्ट्र र देशको संविधान रक्षा गर्ने उनले बताए । कार्यक्रमा विभिन्न पार्टी परित्याग गरी सयौं जना रास्वपामा प्रवेश गरेका थिए ।

# गोपी गुरुको 'जीवनका विविध आयाम' कृतिको परिचर्चा

बुटवल । बुटवल मिडिया प्रकाशन प्राइभेट लिमिटेडको आयोजना, लुम्बिनी वाङ्मय प्रतिष्ठान र नेपाल मार्क्सवादी ज्ञानकेन्द्र रुपन्देहीको सहकार्यमा बुटवलमा गोपीरमण उपाध्यायद्वारा लिखित 'जीवनका विविध आयाम' पुस्तकको शनिबार बुटवलमा परिचर्चा कार्यक्रम एक समारोहको आयोजना गरी सम्पन्न भएको छ ।

बुटवल मिडिया प्रकाशन प्रा.लि. तथा पुस्तकका प्रकाशक डा. बालकृष्ण चापागाईंको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व सांसद तथा साहित्यकार देवेन्द्र घिमिरेले राजनीतिक यात्राका अनेकौ मोडमा आफूहरुसँगै रहेको बताए ।

उक्त कृतिको समीक्षा गर्दै साहित्यकार तथा समालोचक ऋषिराम भुसाल र लेखक तथा विश्लेषक रामचन्द्र श्रेष्ठले पुस्तकले जीवनको लक्ष्य तयार गर्दै त्यसको प्राप्तिका लागि कसरी संघर्ष कसरी गर्नुपर्छ ? भन्ने शिक्षा दिने बताए ।

कार्यक्रममा बोल्दै संविधानसभा सदस्य नेत्रप्रसाद पन्थीले गोपी गुरुले जीवनपर्यन्त इमान र निष्ठाको राजनीति गर्दै लेखन कार्यमा सक्रिय रहेको बताए। प्रेस स्वतन्त्रता सेनानी अर्जुन ज्ञवाली, प्रा. डा. कपिल लामिछाने, अग्रज पत्रकार तथा विश्लेषक मदनलाल पौडेल, साहित्यकार डिल्लीराज भट्टराई, पुस्तकका लेखक गोपीरमण उपाध्याय, लेखक तथा साहित्यकार राजेन्द्रकुमार आचार्य, लुम्बिनी वाङ्मय प्रतिष्ठानका अध्यक्ष ऋषि आजादले गोपी गुरुको जीवनका विविध आयामबारे आफ्ना अनुभूति प्रस्तुत गरेका थिए ।

त्यस्तैगरी साहित्यकार डा. श्याम न्यौपाने, नारायण शर्मा लुइँटेल, बलबहादुर आचार्य, यज्ञलाल सुवेदी, रुद्रलाल उपाध्याय, कृष्णप्रसाद कोइराला, मार्क्सवादी ज्ञान केन्द्रका उपाध्यक्ष कृष्ण भुसाल 'दीप', ढालानन्द चालिसे, बद्रीनाथ पाण्डे, कृष्ण गाउँलेलगायतले मन्तव्य राखेका थिए ।

सोही कार्यक्रममा देवेन्द्रराज शाक्यको जीवनी र व्यक्तित्वमा आधारित पुस्तकको शनिबार लोकार्पण गरिएको छ । लुम्बिनी वाङ्मय प्रतिष्ठानका अध्यक्ष ऋषि आजादको सभापतित्वमा भएको कार्यक्रममा स्वागत मन्तव्य पुस्तकका नायक देवेन्द्रराज शाक्यले गरेका थिए । कार्यक्रममा विश्वहिन्दु महासंघ रुपन्देहीका अध्यक्ष महेश्वरप्रसाद श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पुस्तकको समीक्षा लेखक तथा विश्लेषक डबल बिसीले गरेका थिए ।

त्यस्तैगरी मोहनबाबु खड्का 'लक्ष्मण' द्वारा लिखित रुपा उपन्यासको समीक्षा लेखक तथा साहित्यकार राजेन्द्रकुमार आचार्यले गरेका थिए । कार्यक्रमको सञ्चालन युवा साहित्यकार पुरुषोत्तम पाण्डेले गरेका थिए ।

# नेकपा एमालेको वडा भेला सम्पन्न




देवदह । नेकपा एमाले देवदह-४ को वडा भेला सम्पन्न भएको छ ।

शाखा कमिटीका अध्यक्ष ईन्द्रबहादुर थापाको अध्यक्षता र पार्टीका केन्द्रीय सदस्य दधिराम न्यौपानेको प्रमुख आतिथ्यतामा वडा भेला सम्पन्न भएको हो ।

भेलालाई सम्बोधन गर्दै केन्द्रीय सदस्य न्यौपानेले देश र जनताको पक्षमा नेकपा एमाले निरन्तर लागि रहने बताए । उनले रुपन्देही १ मा योजना ल्याउन र सुरु भएका योजना पूरा गर्न नेकपा एमालेको जित आवश्यक रहेको बताए ।

प्रतिनिधि सभा रुपन्देही क्षेत्र नं. १ रुपन्देहीका उम्मेदवार समेत रहेका नेता न्यौपानेले नागरिकको समस्या समाधानमा निन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

उनले राष्ट्र बचाउनका लागि यसपटकको मत एमालेलाई दिनु पर्ने जनाए । उनले एमालेलाई जिताउन आमनागरिक लाग्नु पर्नेमा जोड दिए ।

उनले आन्दोलनलाई दुरुपयोग गरेर देशमा बिध्वशं मच्चाएकाहरुले देशको विकास गर्छु भन्नू हास्यास्पत रहेको बताए । उनले रुपन्देहीका ५ वटै निर्वाचन क्षेत्रमा नेकपा एमालेले जित हासिल गर्ने दाबी गरे ।

यस पटक देश बनाउनेलाई मत दिएर देश जलाउनेहरुलाई पराजित गर्न नागरिक आफैं लाग्नु पर्नेमा उनले जोड दिए ।

जिल्ला कमिटीका सदस्य चक्रपाणी तिवारीको स्वागत र नारायणप्रसाद सिग्देलको सञ्चालनमा सम्पन्न भेलाले निर्वाचन परिचालनका लागि विभिन्न समितिहरु गठन गरेको एमालेले जनाएको छ ।

# विशेष सुरक्षा गणलाई पुस्तक तथा स्पोर्टस्का सामग्री प्रदान




बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देही पुस्तक तथा स्टेशनरी बस्तुगत समितिले नेपाल प्रहरी विशेष सुरक्षा गण सुनवल नवलपरासीलाई पुस्तक तथा स्पोर्टस्का सामग्री प्रदान गरको छ ।

संघअन्तरगत गठित उक्त बस्तुगत समितिले शनिबार नेपाल प्रहरी विशेष सुरक्षा गण सुनवलमा पुगेर ६० हजार रुपैयाँ बढीको पुस्तक तथा स्पोर्टस्का सामग्री प्रदान गरेको हो ।

नेपाल प्रहरी विशेष सुरक्षा गण सुनवलमा आयोजना गरिएको कार्यक्रममा संघका अध्यक्ष हरिप्रसाद अर्याल, महासचिव मुक्तिप्रसाद अधिकारी, बस्तुगत समितिका सभापति बोधराज शर्मा, उप-सभापति प्रकाश भट्टराईले नेपाल प्रहरी विशेष सुरक्षा गण सुनवलका गणपति प्रहरी उपरीक्षक डिलबहादुर मल्ललाई पुस्तक तथा स्पोर्टस्का सामग्री हस्तान्तरण गरेका हुन् ।

त्यस अवसरमा संघका अध्यक्ष अर्यालले आफ्नो परिवारसँग टाढा रहेर देशको शान्ति सुरक्षामा खटिने प्रहरीका लागि पुस्तक तथा स्पोर्टस्का सामग्री साथी बन्न सक्ने बताउँदै पठन संस्कृतिको समेत विकास हुने विश्वास व्यक्त गरे ।

त्यस्तै पुस्तक तथा स्टेशनरी बस्तुगत समितिका सभापति शर्माले समितिले सामाजिक उत्तरदायित्व बहन गरी विगतका वर्षमा गरिब तथा विपन्न परिवारका बालबालिका, कारागारका कैदी बन्दीलाई पुस्तक प्रदान गरिएको बताउँदै यो पटक नेपाल प्रहरी विशेष सुरक्षा गणको आवश्यकताका आधारमा सक्दो पुस्तक तथा स्पोर्टस्का सामग्री प्रदान गरिएको बताए ।

त्यस अवसरमा नेपाल प्रहरी विशेष सुरक्षा गणका गणपति प्रहरी उपरीक्षक मल्लले आफूहरुको सानो आग्रहमा गणमा आएर पुस्तक तथा स्पोर्टस्का सामग्री प्रदान गरेको बुटवल उद्योग वाणिज्य संघ र पुस्तक तथा स्टेशनरी बस्तुगत समितिलाई आभारसहित धन्यवाद व्यक्त गरेका थिए ।

शिक्षा र ज्ञानका कुराले मानिसलाई विनयी बनाउने बताउँदै उनले निरन्तरको अध्ययनले प्रहरीलाई पनि ज्ञानी बनाउने र त्यसले विनयी पनि बनाउने विश्वास व्यक्त गरे । प्रहरी विनयी बन्दा मुस्कानसहितको प्रहरी सेवालाई समेत मद्दत गर्ने भनाइ उनको थियो ।

कार्यक्रममा जिल्ला फुटबल संघ नवलपरासीका अध्यक्ष ज्ञानु गुरुङको समेत सहभागिता रहेको थियो । कार्यक्रम प्रहरी सहायक निरीक्षक शम्भु नेपालले सञ्चालन गरेका थिए ।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको NEB को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।१०।१० गते भैरहवाबाट बुटवल जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

| | |
|---|---|
| नामः | कमल पौडेल |
| ठेगानाः | बुटवल, देविनगर |
| रजिष्ट्रेशन नम्बरः | 795490800331 |
| फोनः | ९७४६४०७४३३ |

## INVITING BIDS FOR CONSTRUCTION OF LAB DESK AT ECHS POLYCLINIC, EMBASSY OF INDIA, BUTWAL (NEPAL)

1. Sealed tender documents/quotations are invited directly from reputed bidders for construction of lab desk at ECHS Polyclinic Butwal, Embassy of India, Butwal (Nepal).
2. The last day of receipt of offer in sealed envelope is on or before 15 Feb 2026 at 1700 hrs. The notice is also available on website www.indembkathmandu.gov.in. The bid documents can be collected from Embassy of India, District Soldier Board, Butwal (Nepal) Tele No 9857082826.
3. The bidder may visit the above site before submitting the bid.
4. Overall lowest bidder will be selected incase multiple venders/firms quote the same rate/price quoted by the Bidder as per the Price Format

**Officer in Charge**
**ECHS Polyclinic**
**Embassy of India,**
**District Soldier Board**
**Butwal (Nepal)...**
**Phone: 9857082826**

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) लिलाम बढाबढको सिलबन्दी बोलपत्र सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०८/१९
दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०९/२९
तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/१८

यस नगरपालिकाको क्षेत्रभित्र रहेको तपशिलमा उल्लिखित स्थानमा रहेको निम्न परिमाणको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) नगर कार्यपालिकाको मितिः २०८२/०८/१२ को निर्णय अनुसार लिलाम बढाबढ गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकीएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसारको सिलबन्दी बोलपत्र फारम खरिद गरी रितपूर्वक बोलपत्र दरभाउपत्र पेश गर्न (७) दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.सं. | सूचना/ ठेक्का नं. | ठेक्काको नाम | परिमाण घ.मि. | न्यूनतम अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ५/०८२/०८३ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) लिलाम बढाबढ रानीटार भ्रो.पू.को पश्चिम/उत्तरमा रहेको दुई खण्ड | १०२३८.०० | ३६,८०,६३०.०० | ३,०००/- |

**शर्तहरुः–**

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मिति २०८२/१०/१८ गते देखि ७ दिन (मिति २०८२/१०/२५) गते भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र,आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ ।

२) सिलबन्दी बोलपत्र मितिः २०८२/१०/२६ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ । सिलबन्दी बोलपत्र पेश गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दी बोलपत्रवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ । सिलबन्दी दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम दिन सार्वजनीक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३०००००३००१००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी बोलपत्र दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएका, कार्यालयबाट बिक्री नभएको सिलबन्दी बोलपत्र फारम भरी आएका सिलबन्दी बोलपत्रवालाको दस्तखत एवं छाप नभएका र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कबोलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/बेरुजु बाँकी हुनेले फछ्र्यौट नगरे सम्म सिलबन्दी बोलपत्र खरिद गर्न पाउने छैन ।

७) कुनै कारणबस दर्ता भएको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी बोलपत्रवालाहरुले पालना गर्नु पर्नेछ ।

९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना ।

यस कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका निर्माण कार्य गराउनुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म तथा संस्थाले यस कार्यालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा शिलबन्दी दरभाउपत्र खरिद गरी सोहौं दिनको २.०० बजे भित्र दाखिला गर्नुहुन यो शिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान भ्याट र कन्टिन्जेन्सी | बाहेक बोलपत्र जमानत रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | DFO–2082/083-001 | काठ भवन ट्रस निर्माण | १५९४५६६.३८ | ४००००.०० | १०००.०० |
| २ | DFO–2082/083-002 | जगदीशपुर जलाशय पेभमेन्ट निर्माण | १०३४४४१.१३ | २५०००.०० | १०००.०० |

**डिभिजन वन कार्यालय**
**तौलिहवा, कपिलवस्तु**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेठ सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



हिउँमा मनोरञ्जन लिँदै पर्यटकः
रूकुम पूर्व, रोल्पा र बागलुङ सिमाना पातिहाल्ना क्षेत्रमा परेको हिउँमा मनोरञ्जन लिँदै आन्तरिक पर्यटक । तस्विरः सर्जना कार्की/रासस

# राणाकालीन भौतिक संरचनामै सीमित पाल्पा अस्पताल




कृष्ण पोखरेल
*पाल्पा*

राणाकालीन समयदेखि सञ्चालनमा रहेको पाल्पा अस्पतालमा भौतिक पूर्वाधार अभावको कारण सेवा प्रवाहमा कठिनाइ भएको छ । अस्पताल मापदण्डअनुसारको पूर्वाधार नहुँदा सेवा लिने बिरामी तथा सेवा दिने चिकित्सक स्वास्थ्यकर्मीका लागि उपचारमा कठिनाइ भएको छ। पाल्पा अस्पतालमा दैनिक करिब ६ सयसम्म बिरामी उपचारका लागि पुग्ने गरेका छन् । बिरामीको संख्या दिनहुँ बढ्दै गए पनि अस्पतालको पुरानो भौतिक संरचना स्तरोन्नति नहुँदा सेवा प्रवाहमा दिनहुँ कठिनाइ बढ्दै गएको छ।

राणाकालीन समयमा निर्माण गरिएको पाल्पा अस्पतालको भवन र कोठाहरू निकै जीर्ण भएका छन् । अस्पताल भवनको अधिकांश स्थान टाल टुल, गरेर दैनिक कामकाज चलेको छ। अस्पताल भवनको अधिकांश भाग भत्किएर पानी चुहिन्छ। पानी चुहिएको स्थानमा त्रिपाल तथा कार्पेट टाँसेर गुजारा चलाइएको छ। औषधि राख्ने फार्मेसी तथा स्टोरमा पानी चुहिने गरेको छ। औषधि स्टोरमा पानी चुहिएकै कारण कयौ औषधि बिग्रिएर फालिएको अवस्था देखिन्छ । अस्पतालमा मापदण्डअनुसारको भौतिक पूर्वाधार नहुँदा सबैपक्षलाई काम गर्न असहज भएको छ। अस्पतालमा सेवा सुधारसँगै बिरामी बढे पनि चिकित्सकले मापदण्डअनुसारको उपचार सेवा दिन सकेका छैनन् ।

जनताको आवश्यकता र मागको आधारमा अस्पताल व्यवस्थापन समिति तथा चिकित्सकले उपचारका सेवा तथा प्रकार बढाएपछि बिरामीको चाप धान्न चिकित्सकहरुलाई धौधौ भएको छ। अस्पतालको भवन मापदण्डअनुसार नभएको, बिरामी परीक्षण गर्ने कोठाहरु राम्रो र पर्याप्त नभएको, टिकट काट्ने काउण्टरदेखि उपकरण राख्ने स्थान अभाव भएको, बिरामी बस्ने तथा पालो कुर्ने स्थान समेत पर्याप्त नभएको, साँघुरो भवनको कारण उपचार गर्न पुगेका बिरामीहरु समेत उकुस मुकुसमा पर्ने गरेका छन् ।

अस्पतालमा भवन अभाव हुँदा नत बिरामीले मापदण्डअनुसारको सेवा पाएका छन्, नत चिकित्सकले मापदण्डअनुसार बिरामीको परीक्षण गर्न पाएका छन्, तत्काल भवन निर्माण भएका निजी क्षेत्रले दिने विशेषज्ञ सेवा समेत पाल्पा अस्पतालमा आउने र पाल्पा गुल्मी, अर्घाखाँची र स्याङ्जाका बिरामीले सहज रुपमा सेवा पाउने तानसेन नगरपालिका वडा नं. ६ का मनोहरलाल शाक्यले बताए।

पछिल्लो सयम पाल्पा अस्पतालमा उपचार सेवा गुणस्तरीय र भरपर्दो बन्दै गएको छ। अहिले पाल्पा अस्पतालले विशेषज्ञ चिकित्सक सेवा प्रदान गर्दै आएको छ । पाल्पा अस्पतालले हाडजोर्नी, स्त्रि रोग, आँखा, दाँत तथा कल्चर ल्यावसहित विशेषज्ञ उपचार सेवा दिँदै आएको छ। अस्पतालका चिकित्सकहरु माइनर अपरेसन सेवा सञ्चालनमा जुटेका छन् । लामो सयमदेखि पाल्पा अस्पतालबाट सेवा लिँदै आए पनि चिकित्सकहरुलाई बिरामी चेक जाँच गर्ने पर्याप्त कोठा नहुँदा बिरामी र चिकित्सक दुबै पक्षलाई कठिनाइ भएको सर्वसाधारणको बुझाइ रहेको छ।

पाल्पा अस्पतालको मुख्य समस्या भनेकै व्यवस्थित आधुनिक अस्पताल भवन नहुनु नै हो। एकै ठाउँमा पाँच छ जना चिकित्सक बसेर बिरामीको चेकजाँच गर्दा बिरामी र चिकित्सक दुबैलाई अफ्ठेरो परेको छ । चिकित्सकले बिरामीको पूर्ण अवस्था चेकजाँच गर्ने ठाउँको अभाव छ। अस्पतालमा भिडभाडकै कारण बिरामीले आफ्नो पूर्ण समस्या खुलाएर भन्न सक्दैन, कोही मानसिक बिरामी हुन्छ, तिनीहरुको लागि त झन पूर्वाधार अभावले उपचार सेवा दिन चिकित्सकहरुलाई समस्या परेको छ। चिकित्सकले अस्पतालमा आएका बिरामीलाई समय दिएर जाँच गर्न चाहन्छौं, तर ठाउँकै अभावले त्यो सम्भव हुँदैन । गोपनीयता कायम गर्न नसक्दा उपचारमा समेत प्रभाव परेको पाल्पा अस्पतालका चिकित्सक विपिन पौडेलले बताए। पाल्पा अस्पतालमा १६ वटा विभाग र मेडिकल सुपरिटेण्डनसहित ६४ जना विषय विशेषज्ञ चिकित्सक सरकारी कर्मचारीको दरबन्दी रहेको छ । सरकारी दरबन्दीअनुसार एक जना मेडिकल सुपरिटेण्डन बाहेक अन्य विषय विशेषज्ञ चिकित्सकहरु दरबन्दी खाली रहेको छ। हाल करार, छात्रवृत्ति गरी ५ जना चिकित्सकले विशेषज्ञ सेवा दिएका छन्।

अस्पताल व्यवस्थापन समितिले समय सुहाउँदो जनशक्ति र सेवा विस्तार गर्न चाहँदा पनि भवन अभावको कारण रोकिएको छ । विगतका वर्षहरुमा पाल्पा अस्पताललाई रिफर सेन्टरको रुपमा चिनिन्थ्यो । पछिल्लो समयमा ७० प्रतिशत बिमाका बिरामीको उपचार पाल्पा अस्पतालमै हुने गरेको छ । अस्पतालमा कार्यरत चिकित्सकहरू पनि पूर्वाधार अभावले उपचार सेवा दिन कठिन भएको बताउँछन् । 'म मेडिकल सुपरिटेण्डन मात्र होइन, हाडजोर्नी विशेषज्ञ भएर पनि भवन अभावको कारण हाडजोर्नी विशेषज्ञ युनिट सञ्चालन गर्न सकेको छैन । अन्य विशेषज्ञ सेवा सञ्चालनको लागि पनि पूर्वाधार अभाव रहेको छ।'-अस्पतालका मेडिकल सुपरिटेण्डन डा. राजेन्द्र पौडेलले भने।

दैनिक ६ सयसम्म बिरामी आउने पाल्पा अस्पताल पुरानो राणाकालीन संरचनाले थेग्न सकेको छैन, लुम्बिनी प्रदेशका ११ वटै जिल्ला अस्पतालमा अप्रेसन सेवा सञ्चालन भए पनि पाल्पा अस्पतालमा भवन अभावकै कारण अप्रेसन सेवा सञ्चालन हुन सकेको छैन। पाल्पा अस्पतालमा आवश्यक भवन र कोठाको व्यवस्था नहुँदा दरबन्दीअनुसारको विशेषज्ञ सेवा समेत सञ्चालनमा कठिनाइ भएको छ । विशेषज्ञ सेवा नै सञ्चालन नभएको स्थानमा अन्य स्थानमा काम गरिरहेका विशेषज्ञ चिकित्सकहरु समेत पाल्पा अस्पतालमा काम गर्न आउन नखोज्ने अवस्था रहेको अस्पताल प्रशासन प्रमुख डोमराज अर्यालले बताए।

पाल्पा अस्पताल विकास समितीले प्रदेश र केन्द्र सरकारसँग अब एउटै माग गरेको छ, हामीलाई ५० बेड मापदण्डको भवन दिए पुग्छ । अस्पतालको राणाकालिन भवनको छत चुहिन्छ, अधिकांश भवनका भागहरु भत्किएका छन्। अस्पतालको बिरामी जाँच्ने कोठादेखि औषधि भण्डारण गर्ने स्टोरसम्म भवनको छत भत्किएर पानी चुहिने गरेको छ। जसको कारण स्टोरमा राखिएका औषधिहरु बिग्रने गरेका छन्। पाल्पा अस्पतालले प्रदान गर्ने सबै खाले उपचार सेवा एउटै भवनबाट उपलब्ध गराउने व्यवस्थापन समितिले भवन निर्माणको लागि पहल गरेको छ।

अस्पतालको ८ रोपनी जग्गामा एक्काइसौ शताब्दीको सुविधा सम्पन्न बहुतले, बहुउद्देश्यीय भवन निर्माणका लागि प्रदेश र केन्द्र सरकार कानुनी जटिला फुकाउन लागिपरेको पाल्पा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अजयमान कर्माचार्यले बताए । लुम्बिनी प्रदेश सरकारबाट पहाडी क्षेत्रमा १२ रोपनी जग्गाबाट, ८ रोपनी क्षेत्रफलमा ५० बेडको अस्पताल निर्माण गर्न सकिने कानुन पास भएकोले पदेशबाट विनियोजन भएको १ करोड ५० लाख रुपैयाँबाट डीपीआर निर्माण गरी आगामी वर्षबाट अत्याधुनिक बहुउद्देश्यीय भवन निर्माण सुरु गर्न लागिपरेको अस्पताल विकास समितिका अध्यक्ष कर्माचार्यले बताए। यसअघि अस्पताल भवन निर्माणको लागि पटक-पटक करोडौं बजेट आए, तर कानुनी जटिलाको कारण जग्गा उपलब्ध नहुँदा बजेट फिर्ता जाने गरेको छ। अस्पताल व्यवस्थापन समितिले जनशक्ति र सेवा विस्तार गर्न चाहँदा पनि भवन अभावको कारण रोकिएको छ

राणाकालीन संरचनामै सीमित पाल्पा अस्पतालमा देखिएको यो अवस्था सुधार नहुँदासम्म सर्वसाधारणको गुणस्तरीय स्वास्थ्य उपचार सेवा चुनौतीपूर्ण बन्दै गएको छ। लुम्बिनी प्रदेश सरकारले जग्गाको कानुनी अवस्था समाधान गरी, भवन निर्माण प्रक्रिया बढाएपछि मात्र पाल्पा अस्पताललाई दिगो रुपमा सञ्चालन गर्न सकिने छ।

# चौथो जिल्लास्तरीय छात्र भलिबलको उपाधि न्यू होराइजनलाई



बुटवल। न्यू होराइजन स्पोर्टस् क्लबको आयोजनामा बुटवलमा सम्पन्न चौथो न्यू होराइजन कप अन्तरमावि जिल्लास्तरीय छात्र भलिबल प्रतियोगिताको उपाधि आयोजक न्यू होराईजन इङ्ग्लिस सेकेण्डरी स्कूलले जितेको छ।

शनिबार बुटवलमा सम्पन्न फाइनल खेलमा कालिका मानवज्ञान माविलाई शून्यकाविरुद्ध तीनको सोझो सेटमा पराजित गरेको हो । न्यू होराइजनले पहिलो सेट २० का विरुद्ध २५, दोस्रो सेट १७ का विरुद्ध २५ र तेस्रो सेट १९ का विरूद्ध २५ अंकले जितेको हो। उपाधिसँगै न्यू होराइजनले नगद ४० हजार, उप-विजेता कालिका मानवज्ञान मावि बुटवलले नगद ३० हजार, तृतीय भएको कान्ति मावि बुटवलले नगद २० हजार र सान्त्वना भएको सैनामैना मावि सैनामैनाले नगद १० हजारसहित कप मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

माघ १५ गतेदेखि सुरु भएको प्रतियोगितामा न्यू होराइजनका खेलाडीहरू अनिष थापा बेस्ट प्लेयर, आयुश थापा बेस्ट डिफेन्स, अक्षय मल्लाह बेस्ट ब्लकर, जगदिश वझा बेस्ट सेटर, प्रदीपकुमार चौधरी बेस्ट कोच तथा कालिका मानवज्ञान माविका रमन सिंजाली उदियमान खेलाडी घोषित भए।

विजयी टिम र उत्कृष्ट खेलाडीहरूलाई बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, जिल्ला भलिबल संघ रूपन्देहीका अध्यक्ष सुरेन्द्र शाक्य, न्यू होराईजन माविका प्राचार्य लोकनाथ उपाध्याय, उप-प्राचार्यहरू बासुदेव अर्याल र राजीव श्रेष्ठ, न्यू होराइजन स्पोर्ट्स् क्लबका अध्यक्ष चेतन उचै ठकुरी, संस्थापक अध्यक्ष प्रकाश खनाल, उपाध्यक्ष बालकृष्ण बस्याल, प्रतियोगिता संयोजक नरेन्द्र सारू, क्लबका सदस्य मिलन रानालगायतले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । सो अवसरमा बोल्दै नगरप्रमुख पाण्डेयले बुटवल उप-महानगरले खेलकुदलाई वार्षिक नीति तथा कार्यक्रममा उच्च प्राथमिकता दिएर पर्याप्त बजेट विनियोजन गर्ने गरेको बताए। प्राचार्य लोकनाथ उपाध्यायले संस्थाले गुणस्तरीय शिक्षासँगै वद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद र अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै महत्व दिएर विभिन्न १७ विधाका खेल प्रशिक्षक राखेर खेलकुद प्रतियोगिताहरू सञ्चालन गरेको जनाए।

कार्यक्रममा प्रतियोगिता सम्पन्न गर्न आर्थिक सहयोग गर्ने संस्था र व्यक्तिलाई सम्मान गरिएको थियो । यस्तै काभा महिला भलिबल प्रतियोगितामा सहभागी न्यू होराइजनकी खेलाडी प्रतिभा चौधरीलाई पनि सम्मान गरिएको थियो।

प्रतियोगितामा जिल्लाका ९ संस्थागत र ७ सामुदायिक गरी १६ टिमको सहभागिता रहेको थियो। क्लबले एक वर्ष छात्र भलिबल र अर्को वर्ष छात्रा भलिबल प्रतियोगिता गर्दै आएको छ।

# ल्याण्डमार्कको स्पेल बी प्रतियोगितामा कान्ति प्रथम

बुटवल । ल्याण्डमार्क एजुकेशन कन्सलटेन्सीले आफ्नो २६औं स्थापना दिवसका अवसरमा आयोजना गरेको स्पेल-बी च्याम्पियनसिपको उपाधि बुटवलको कान्ति माविले जितेको छ । ल्याण्डमार्कले शनिबार बुटवलमा आयोजना गरेको प्रतियोगितामा २३ वटा विद्यालयलाई पछि पार्दै उपाधि विजेता कान्ति माविका विद्यार्थीले नगद २० हजार पुरस्कार प्राप्त गरेका छन्।

प्रतियोगी विद्यालयहरूबाट कक्षा ११ र १२ मा अध्ययनरत उत्कृष्ट ५/५ जना विद्यार्थीहरूबिच अंग्रेजी शब्दको स्पेलिङ भन्ने यो प्रतियोगितामा मणिमुकुन्द कलेज द्वितीय तथा न्यू होराइजन माध्यमिक विद्यालय तृतीय हुँदै क्रमशः १० हजार र ५ हजार नगद पुरस्कार प्राप्त गरेका ल्याण्डमार्क बुटवलशाखा प्रमुख सागर बस्यालले जानकारी दिए। विद्यार्थीमा अध्ययन गर्ने बानीको विकास तथा शैक्षिक संस्थाहरूबिच आपसी सम्बन्ध बिस्तार गर्ने उद्देश्यसहित तेस्रो संस्करणको रूपमा यो प्रतियोगिता सम्पन्न गरिएको बस्यालले बताए।

प्रतियोगितामा विजेता विद्यार्थीहरूलाई तिलोत्तमा क्याम्पसका पूर्व प्रमुख प्रा.डा. आरसी आचार्य, न्यू होराइजन माविका सह-प्राचार्य इन्द्र भुसाल र ल्याण्ड मार्कका सञ्चालक तथा इम्पेरियल वर्ल्ड स्कुल काठमाडौंका सञ्चालक कुमार कार्कीले पुरस्कार वितरण गरेका थिए।

# रामचन्द्र-मैनादेवी अनाथ आश्रमको २९औं साधारणसभा



तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा-६ मा सञ्चालित रामचन्द्र-मैनादेवी अनाथ आश्रमको २९औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

साधारणसभामा बोल्दै तिलोत्तमा-६ का वडाध्यक्ष गणेश पाठकले राज्यले गर्नुपर्ने काम रामचन्द्र-मैनादेवी अनाथ आश्रमले गरेको भन्दै आश्रमलाई तिलोत्तमा नगरपालिका र आफ्नो वडाले सक्दो बजेट दिँदै आएको बताए । आश्रमबाट अनाथ असहाय बालबालिकाले शिक्षा-दिक्षासँगै असल संस्कार, नैतिकता सिकेको भन्दै अध्यक्ष पाठकले मैनादेवीको योगदानलाई वडा र नगरपालिकाले पनि उच्च सम्मान गरेको बताए । उनले पछिल्लो समय सामाजिक सञ्जालले समाजलाई गलत दिशामा लगेको भन्दै सबै नागरिक सचेत हुन आग्रह गरे।

कार्यक्रममा संस्थाकी अध्यक्ष मैनादेवी भण्डारीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आश्रममा अझैं केही भौतिक पूर्वाधार बनाउन बाँकी रहेको बताइन् । आश्रममा कर्मचारी राखेर व्यवस्थित ढंगले चलाउन अक्षयकोषलाई कम्तिमा एक करोड पुऱ्याउनुपर्ने खाँचो रहेको उनले जनाइन्। अहिले अक्षय कोषमा ७५ लाख रुपैयां रहेको उनले बताइन् । आश्रम स्थापनाको सुरुका डेढ दशक गाउँ-गाउँ डुलेर मुठीदान संकलनबाट आर्थिक स्रोतको जोहो गरेर आश्रमलाई यहाँसम्म ल्याएको भन्दै अहिले उमेर ढल्किँदै गएको र स्वास्थ्यले समेत साथ दिन छाडेकाले कर्मचारीलाई अक्षयकोषको ब्याजबाट तलब दिन सक्ने स्थिति बनाउन अक्षयकोषलाई एक करोड पुऱ्याउन सबैको साथ चाहिएको उनले उल्लेख गरिन्।

३४ वर्षको उमेरदेखि आश्रममा लागेको भन्दै उनले अहिले २९ वर्ष पुगेको बताइन्। कर्मचारी राख्न नसकेर आफैं , श्रीमान् र छोराले आश्रमको काम गर्नुपरेको अध्यक्ष भण्डारीले गुनासो गरिन्। तीनजना अनाथबाट सुरु भएको आश्रमको आफ्नै भवन बनेपछि २५ जनासम्म राख्न मिल्ने क्षमताको भएको छ। अहिले आश्रममा १२ जना बालक छन् । उनीहरुले तिलोत्तमाकै शान्ति नमूना माविमा पढिरहेका छन्। ५ वर्षपछि आश्रममा जेष्ठ नागरिकलाई पनि दिउँसोमा राख्ने व्यवस्था गर्ने सोंच बनाएको उनले बताइन् । साधारणसभामा घनश्याम ज्ञवाली, ईश्वरीप्रसाद बस्याल, सीता वस्ताकोटी, कमला पोखरेललगायतले बोल्दै आश्रमलाई सहयोग गर्नु सबैको दायित्व भएको बताएका थिए।

# सामूहिक विकास साकोसको स्थापना दिवसमा सम्मान



बुटवल। सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था तिलोत्तमाको ३३औं स्थापना दिवस विभिन्न कार्यक्रम गरी शनिबार मनाइएको छ । स्थापना दिवसको अवसरमा संस्थाले ज्येष्ठ सदस्य, उत्कृष्ट बचतकर्ता, ऋणी, व्यवसायी, कर्मचारी र विद्यार्थी गरी विभिन्न विधामा नगद पुरस्कार तथा सम्मान प्रदान गरेको छ। संस्थाका अध्यक्ष पार्थमणी आचार्यको अध्यक्षतामा आयोजित कार्यक्रममा संस्थाका सस्था स्थापनाकालका अध्यक्ष एवं सल्लाहकार माधव प्रसाद पाठक प्रमुख अतिथि थिए।

वि.सं. २०५० सालमा २६ जना शेयर सदस्य र २६०० रुपैयाँबाट सुरु भएकोसहकारीमा हाल १२ हजार २३८ जना शेयर सदस्य आबद्ध छन् भने संस्थाको कुल वासलात ३ अर्ब ५२ करोड रुपैयाँ पुगेको छ। स्थापना दिवसमा कक्षा १२मा उत्कृष्ट अंक ल्याउने शशांक भुर्तेल, प्रकृति कोइराला, सुशान्त खत्री, कुसुम पराजुली र सुभु भण्डारी १० हजार नगदसहित सम्मानित भए। साथै, विद्यावारिधि उपाधि हासिल गरेका डा. चन्द्रबहादुर थापालाई पनि विशेष सम्मान गरिएको थियो।

ज्येष्ठ सदस्य बाम कुमारी पन्थी, विजय शेरचन, चण्डिप्रसाद न्यौपाने, देवीप्रसाद सापकोटा, गुणाखर शर्मा खरेल, कौशिला राना, केशवराज ज्ञवाली र मोहनलाल न्यौपाने, उत्कृष्ट कारोबार गरेका टेकराज भण्डारी, सुनिता अधिकारी, रेनुका खरेल, कृष्णप्रसाद भण्डारी, तुलसा अर्याल (बचतकर्ता) र धनकला सोमै मगर, नन्दलाल चौधरी, दिलमाया पुन, दिलिपसिंह गिरी, आशिष सेन (ऋणी) पनि सम्मानित भएका छन्।

व्यवसाय तथा लघु उद्यमतर्फ उत्कृष्ट व्यवसायी सूर्यप्रसाद सुवेदी, उत्कृष्ट लघु उद्यम व्यवसायी नीरबहादुर थापा क्षेत्री र दीर्घकालीन उत्कृष्ट सदस्य पार्वती कुँवर, उत्कृष्ट कर्मचारीमा लेखा अधिकृत बुद्धिप्रसाद ज्ञवाली र सवारी चालक चन्द्रकान्त पाण्डे, बाल बचतकर्तामा अनुसा खत्री, आरिभ पाण्डे र प्रभात क्षेत्री पनि सम्मानित भएका छन्।

यस्तै निवर्तमान अध्यक्ष सुरेन्द्रकुमार बर्मा, सचिव मीनप्रसाद पोखेल र निवर्तमान सञ्चालक समिति सदस्यहरू एलिसा घिमिरे, तुल्सीप्रसाद सापकोटा, दिनेश फुल्लेल, पुनम पाण्डे हमाल, मिना भण्डारी, राजकुमार गिरी, राजश्री गौतम आत्रेय, शिव पाठक, हिरामाया थापा, झबिन्द्र भण्डारी तथा लेखा सुपरीवेक्षण समिति सदस्य राधाकृष्ण पराजुलीलाई उनीहरूको कार्यकालको उच्च मूल्याङ्कन गर्दै सम्मान गरिएको थियो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com